जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २८ पृष्ठः ४ | २०८२ जेठ ०२ गते शुक्रबार (Friday 16 May 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## जनमत पार्टीका नेता बिनोद यादवद्वारा सुखीपुर-६ मा सामुदायिक भवनको शिलान्यास, भविष्यमा विवाह भवन निर्माणको योजना



सिरहा, १ जेठ। सिरहा जिल्लाको प्रतिनिधि सभा क्षेत्र नं. २ का संभावित उम्मेदवार तथा जनमत पार्टीका जिल्ला इञ्चार्ज श्री बिनोद यादवले सुखीपुर नगरपालिका वडा नं. ६ स्थित रामजानकी मन्दिर परिसरमा सामुदायिक भवन निर्माणको शिलान्यास गर्नु भएको छ। चार कोठे यस भवन निर्माण भएपछि स्थानिय बासिन्दाहरूको सामूहिक तथा सामाजिक कार्यक्रमहरू जस्तै भोज-भतेर, विवाह, छेका, पञ्चायत तथा अन्य धार्मिक-सांस्कृतिक गतिविधिहरू सहज रूपमा सञ्चालन गर्न सकिनेछ।

शिलान्यास कार्यक्रममा बोल्दै नेता यादवले सामाजिक विकास र समुदायबीच आपसी समन्वय अभिवृद्धि गर्ने उद्देश्यले यस्तो भवनको आवश्यकता रहेको बताए। उनले यसै भवन नजिकै रहेको आफ्नो निजी जग्गामा भविष्यमा आधुनिक सुविधा सम्पन्न Marriage Hall तथा Party Place निर्माण गर्ने इच्छा पनि व्यक्त गरे। "स्थानीय तहमा सार्वजनिक स्थलहरूको अभाव छ। समाजलाई जोड्ने यस्ता पूर्वाधारले नाता, सम्बन्ध र सहयोगको भावना अझ प्रगाढ बनाउँछ," यादवले भने।

उक्त कार्यक्रममा रामजानकी मन्दिरका सन्त-महन्त, स्थानीय युवाहरू, नागरिक समाजका प्रतिनिधिहरू, वडा कार्यालयका पदाधिकारीहरू लगायत विभिन्न समुदायका व्यक्तिहरूको

-बाँकी दुई पेजमा

## ६७ केजी विषादीयुक्त बोडी नष्ट

**जनार्जन खत्री**

सर्लाही, १ जेठ। सर्लाहीको लालबन्दीस्थित थोक तरकारी बजारमा बिहीबार किसानले ल्याएर बेचेको बोडीमा अत्यधिक विषादीको मात्रा भेटिएपछि नष्ट गरिएको छ। ईश्वरपुर नगरपालिकाको सागरनाथ क्षेत्रका किसानले उत्पादन गरेर लालबन्दीको डुमडुमेस्थित थोक तरकारी बजारमा ल्याएर व्यापारीलाई बिक्री गरिसकेको मिटर बोडीमा अत्यधिक विषादी प्रयोग भई उपभोग अयोग्य रहेको पाइएपछि नष्ट गरिएको हो। लालबन्दी तरकारी बजारमा रहेको विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशालाका नायब प्राविधिक सहायक दिलबहादुर राउतका अनुसार नष्ट गरिएका बोडीमा ६०.३०४ प्रतिशत अर्गानोफस्फेट नामक विषादीको अवशेष पाइएको छ।

तरकारीमा विषादीको मात्रा ४५ प्रतिशतभन्दा माथि भएमा खान अयोग्य हुने र त्यसलाई नष्ट नै गर्नुपर्ने प्राविधिकले बताएका छन्। तरकारीमा विषादीको मात्रा ३५ प्रतिशतभन्दा कम भए उपभोगयोग्य, ३५ देखि ४५ प्रतिशतसम्म भए केही दिन क्वारेन्टाइनमा राखेर पुनः ३५ प्रतिशतभन्दा कम आएमा उपभोगयोग्य हुने तर ४५ प्रतिशतभन्दा बढी भए नष्ट गर्नुपर्ने प्रावधान छ। सोही प्रावधानअनुसार लालबन्दीमा बिहीबार नमूनाको रूपमा मिटर बोडीको परीक्षण गर्दा एक जना व्यापारीले किसानबाट खरिद गरेको बोडीमा ६० प्रतिशत विषादीको अवशेष भेटिएको हो। ६० प्रतिशतभन्दा बढी विषादीको मात्रा भेटिएको ६७ केजी बोडी बजारनजिक डुमडुमे खोलामा पुगेर

-बाँकी दुई पेजमा

## ब्राउन सुगरसहित दुई युवक पक्राउ

सिरहा, १ जेठ। बर्दिवासमा ब्राउन सुगरसहित २ जना पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय महोत्तरीका अनुसार पक्राउ पर्नेमा सिरहाको सिरहा नगरपालिका-७ महेश्वरपुरका २० वर्षीय दुर्गेश यादव र सर्लाही बलरा नगरपालिका-४ घर भई हाल सिन्धुलीको कमलामाई नगरपालिका-८ मा बस्दै आएका २७ वर्षीय चलाख भनिने धर्मेन्द्र साह रहेका छन्।

प्रदेश नं. १ ०१ ००१ ख ४१५६ नम्बरको मोटरसाइकलमा चढी बर्दिवासबाट सिन्धुलीतर्फ जाँदै गरेको अवस्थामा प्रहरीले उनीहरुलाई सो लागुऔषध सहित नियन्त्रणमा लिएको हो। प्रहरीले शंका लागि खानतलासी गर्दा उनीहरूको पाइन्टको खल्तीमा रहेको सूर्य चुरोटको बट्टामा

-बाँकी दुई पेजमा

## कार्यालय सहयोगीलाई खेतमा काम गराउने एउटा प्रअ, अर्कै प्रअलाई कारबाही गर्ने तयारी

**विद्यानन्द राम**

राजविराज, १ बैशाख। प्रधानाध्यापकको खेतमा काम गर्न नमान्दा कार्यालय सहयोगी राधेश्याम पासवानले डेढ वर्षदेखि हाजिर गर्न पाएका छैनन्। तर गाउँपालिकाले भने अर्कै विद्यालयका प्रधानाध्यापकलाई कारबाही गर्न प्रक्रिया थालेको छ। सप्तरीको बलान बिहुल गाउँपालिका-४ स्थित जनता आधारभूत विद्यालय बेल्हीका प्रधानाध्यापक बालेश्वर यादवको बदमासीका कारण कार्यालय सहयोगी पासवानको डेढ वर्षदेखि तलब-भत्ता पनि रोकिएको छ। तर, गाउँपालिका अध्यक्ष खेमचन्द्र यादवले गत आइतबार राष्ट्रिय आधारभूत विद्यालय बेल्हीका प्रधानाध्यापक रामविलास मण्डललाई स्पष्टीकरण सोधेका छन्।



पत्र प्राप्त गरेको दुई दिनभित्र जवाफ पेस गर्न प्रअ मण्डललाई स्पष्टीकरण सोधिएको छ। 'काज सरुवा गरी पठाइएको कास पासवानलाई के कति कारणले हाजिर गराउनू भएन ?, चित्त बुझ्दो जवाफ पेस गर्नू।' चलानी नम्बर

-बाँकी दुई पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## मानव बेचबिखनजन्य कार्यहरू

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानूनविपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद विक्रि गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन्।
- यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ। त्यस्तो कार्य भए गरेको जानकारी भए नजिकको प्रहरीमा खवर गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

# सरकारी ढुकुटीमा लागेको 'धमिरा'को चित्र

महालेखा परीक्षकको कर्तव्य सरकारी कार्यालयहरूको आयव्ययको "कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेत विचार गरी लेखा परीक्षण" गर्नु हो। लेखा परीक्षणपछि बर्सेनि महालेखा परीक्षकले प्रतिवेदन सार्वजनिक गर्ने अभ्यास छ। यसरी सार्वजनिक हुने प्रतिवेदनमा सरकारी आम्दानी र खर्च केलाएर बेमनासिब वा अनियमितता भएको अंक देखाइएको हुन्छ। सामान्यतः महालेखा परीक्षकको प्रतिवेदनमा देखाइएका बेरुजु र अनियमितताका विषयमा संसद्को सार्वजनिक लेखा समितिमा छलफल हुने र बेरुजु फर्स्योट वा असुली गर्ने निर्णय हुनेगर्छ। नेपालका भने धेरै वर्ष भइसक्यो बर्सेनि सरकारी संयन्त्रले मनपरी खर्च गरिएको प्रतिवेदन सार्वजनिक हुनेगरेको छ। प्रतिवेदनले देखाएको भयावह बेथिति, भद्रगोल हिसाबकिताब देखेर जनसाधारण चकित हुन्छन्। केही समय प्रतिवेदन बहसको विषय बन्छ अनि बिस्तारै सरकारको दराजमा र जनमानसको विस्मृतिमा थन्किन पुग्छ।

यो वर्ष पनि महालेखा परीक्षक कार्यालयले बेरुजु, राजस्व बक्यौता, शोधभर्ना लिन बाँकी रकम र सरकारी जमानीमा भएका ऋण लगानीमा गर्नुपर्ने साँवा असुलीसमेतका विवरण समेटेको ६२औँ वार्षिक प्रतिवेदन सार्वजनिक गरेको छ। प्रतिवेदनमा तीनै तहका सरकारी संयन्त्रमा व्याप्त आर्थिक अराजकता हेर्दा सुशासन सिला खोज्नुपर्ने स्थिति दर्शाउँछ भने शासकीय बेथिति चाहिँ झाँगिँदै गएको निष्कर्ष निस्किन्छ। प्रतिवेदनमा पुराना र नयाँ गरी फस्योट गर्नुपर्ने रकम ११ खर्ब ८३ अर्ब २६ करोड रुपैयाँ पुगेको देखाएको छ। यसमा बेरुजु अंक ७ खर्ब ३३ अर्ब १९ करोड, राजस्व बक्यौता ४ खर्ब ७२ अर्ब ३५ करोड पुगेको छ भने अनुदान र ऋणमा सञ्चालित दातृ संस्थाका परियोजनामा २० अर्ब ५० करोड रुपैयाँभन्दा बढी रकम शोधभर्ना लिन बाँकी देखाइएको छ।

सरकार जमानी बसेर ऋण प्रवाह भएका संस्थानहरूले भुक्तान गर्नुपर्ने ४९ अर्ब ३७ करोड साँवा ब्याज रकम समयमै भुक्तान नभएको देखिएको छ। अर्थात्, सबैतिर अनियमितता र आर्थिक अनुशासनहीनताको पारो बढेकै छ। महालेखाको प्रतिवेदनमाथि छलफल गर्ने, सरकारी निकायलाई जवाफदेही बनाउनेदेखि राफसाफका निर्णय लिने गति भने निकै सुस्त देखिन्छ। महालेखा परीक्षकले ६२ वर्षदेखि यसरी नै प्रतिवेदनका ठेली बनाएर राष्ट्रप्रमुख कहाँ पेस गर्दैआएको छ। राष्ट्रप्रमुखले प्रधानमन्त्रीमार्फत संसद् पठाउने क्रम पनि निरन्तर छ। संसद्का प्रतिनिधि सभा सार्वजनिक लेखा समितिले महालेखापरीक्षकका उठान बेरुजुमाथि बुँदागत छलफल चलाउँछ। समितिले बेरुजु फर्सोटका लागि उपसमितिहरूसमेत बनाएर छलफल गरी नीतिगत तथा प्रणालीगत सुधार गर्नुपर्ने सुझावसहित प्रतिवेदन बनाउँदै सदनमा पेस गर्छ। कुनै बेला महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेखित अनियमितताामाथि सक्रियतापूर्वक निस्कर्ष खोज्ने गरिन्छ भने कुनै बेला पूरै मौन रहने गरेको देखिएको छ। अर्कातिर, कार्यान्वयन गर्ने सरकारी संयन्त्र सुस्त भएपछि महालेखा परीक्षकको प्रतिवेदन पनि बन्ने र थन्किनेमै सीमित हुन पुग्छ। यही रीत पनि निरन्तर छ नै।

पछिल्लो कालखण्डमा प्रतिफलमुखीभन्दा तामझामका झिल्के योजना परियोजनामा खर्च गर्ने परिपाटी बाक्लिएको फेहरिस्त महालेखा परीक्षकले राम्रैसँग उतारेको छ। देशभरि सभाहल, भ्युटावर, आधुनिक सरकारी कार्यालय, विशिष्ट व्यक्तिको निवासजस्ता योजनाका निम्ति अथाह खर्च हुँदैछन्। यसले राज्यको सार्वजनिक ऋणको आकार २६ खर्ब नघाएको छ। शासकीय वृत्तका पात्रहरूका लहड या कमिसन मोहका कारण विदेशी दातासँग ऋण लिएर पनि अन्धाधुन्ध खर्च गर्ने प्रवृत्ति बढेको देखिएको छ। त्यस्ता बृहद् प्रकृतिका परियोजनाबाट प्रतिफल भने 'शून्य' रहेको र अझ तिनलाई सम्भार गर्न उल्टो खर्च गर्नुपर्ने बाध्यता बढ्दो छ। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल यसका उदाहरण बनेका छन्।

उता, कानुनविपरीत संघ, प्रदेश र स्थानीय तहका पदाधिकारीले स्वकीय सचिव र अनेक किसिमका सल्लाहकार नियुक्त गरी राज्यलाई व्ययभार बढाउने क्रमलाई निरन्तरता दिइरहेका छन्। तिनले त्यस्ता नियुक्तिमा योग्य होइन आफ्ना कार्यकर्ता वा आफन्त भर्ती गर्ने प्रवृत्ति देखाएका छन्। महालेखा परीक्षकले खोट नभेटेको सरकारी काम बिरलै छन् भने कानुन मिचिएका र भद्रगोल रहे या भएका उदाहरण बग्रेल्ती भेटिएका छन्। सार्वजनिक पदाधिकारीहरूले वित्तीय उत्तरदायित्व बहन नगरेका कारण नै यसरी बेरुजु,पेस्की र राज्यको बक्यौता बढेको हो। दुर्भाग्य, अपवादबाहेक राज्यको ढुकुटी, स्रोतसाधन दोहन गर्नेहरू सजायको भागीदार बनेको देख्न पाइँदैन। उल्टै विकृतिका वाहक तिनै अधिकारी वा पदाधिकारी थप लाभका पदमा नियुक्त हुन पुग्छन्। कानुनतः जवाफदेही हुनुपर्ने निकाय, प्रमुख र पात्रहरू अनुसन्धानको दायरामा तानिनुपर्छ र सजायको पनि भागीदार बन्नुपर्छ। व्यक्तिगत बेरुजु भएमा कर्मचारीको बढुवा र अर्को नियुक्ति नहुने र जनप्रतिनिधिले चुनावमा भाग लिन नपाउने कडा कानुनी व्यवस्था नहुँदासम्म महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा देखापर्ने अनियमितता र आर्थिक अनुशासनहीनताको प्रवृत्ति कायमै रहनेछ।

# 'विपरीत सिद्धान्तका दलहरू मिल्नु राजनीति होइन, विकृति हो'

**तीर्थ कोइराला**

नेपालमा सरकारहरू अस्थिर हुनुमा पहिलो कारण संस्कारहीन राजनीतिको उपज मान्न सकिन्छ। राजनीतिक संस्कारको अभाव हो। हाम्रा राजनीतिक दल र तिनका नेताहरू एउटाले अर्कोलाई सघाउने वा बुझ्ने भन्ने कुरा नै सोच्दैनन्। झगडा गर्दा मात्र होइन मिल्दा समेत उनीहरू शंका अविश्वास र षडयन्त्रमा रुमल्लिइरहेका हुन्छन्। दोस्रो कुरा, सरकार केका लागि बनाएको हो भन्ने कुरामा जुनजुन दल सरकारमा जान्छन् उनीहरू आफै स्पष्ट हुँदैनन्। निर्वाचन घोषणापत्र त परै जाओस् देश र जनता प्राथमिकता बुझ्न सकेनन्। सीमित मानिसका बहकाउ र स्वार्थमा काम हुन्छन्। यसका लागि आफ्ना कार्यकर्तालाई प्रशिक्षित पनि गरेका छैनन्। तेस्रो कुरा, नेतृत्वले हाम्रो राजनीतिक, आर्थिक पृष्ठभूमि र देशको जुन अवस्थाबाट यहाँसम्म आइपुगेका छौँ भन्ने मनन गरेको देखिएन।

सरकारमा जानुअघि भाषण र घोषणामा जूनतारा सबै झार्दिन्छु भन्ने, गइसकेपछि असम्भव आश्वासन पूरा गर्ने कुरै हुँदैन। जसका कारण पनि नेपालमा बनेका सरकारहरू चाहँदाचाहँदै पनि पाँच बर्से कार्यकाल गुजार्न सक्दैनन्। अर्को शब्दमा भन्दा आफ्नो आफ्ना भाषण र आश्वासनले किचिएर आफै मर्छन्। चौथो कुरा, आफू सरकारमा जानुअघिको सरकारले गरेका कामहरूको एप्रिसिएसन छैन। अर्कोलाई एप्रिसिएसन नगरेपछि उसलाई पनि अर्कोले तैँले गरिस् भन्दैन, आलोचना मात्रै गर्नु स्वाभाविक हुन्छ। यसअघि गरिएको योजना र काम हामीले यति अगाडि बढायौँ, यसकारण यो काम हुन सकेन भन्दैनन्। त्यसबाहेक सबै कुरा छाडेर अपारदर्शी र भ्रष्टाचारमा केन्द्रित हुन्छ राजनीति। प्रतिस्पर्धा तेरो मेरो र भ्रष्टाचारमै हुन्छ। दलबाहिर मात्र होइन, दलभित्रै गुट उपगुट र झुण्डमा केन्द्रित भएको देखिन्छ। यसरी दलीय स्वार्थसमेत छाडेर आफ्ना मान्छे पोस्ने, आफ्नो स्वार्थ मात्र पूरा गर्ने प्रवृत्ति बढेको छ। आफ्नो, आफ्ना नातागोता र वरिपरिका मान्छे मात्र हेर्ने गर्दा त्यो विषय पनि आलोचनाको विषय बन्छ र अन्ततः सरकारको स्थायित्वमाथि दल भित्रबाटै प्रश्न उठ्छ र अस्थिरताको बाटोमा सरकार लाग्छ।

आम जनताका अपेक्षाकृत काम र डेलिभरी हुन नसकेपछि स्वाभाविक रूपमा सरकारप्रति जनआक्रोश बढ्छ। त्यसका अलावा आफ्नो सरकार बन्ने बेला दल र तिनका नेताहरूले देशभित्र र बाहिरका शक्ति र व्यापारी बिचौलियाको साथ सहयोग लिएका हुन्छन्। ती शक्तिहरूले पनि स्वार्थपूर्ति नहुने वा ऊभन्दा ऊ गतिलो देख्ने अवस्था भएपछि उनीहरूले समेत खुट्टा तान्न थाल्छन्। यसको अर्थ पार्टीका नेताहरू उभिएको आधार बलियो छैन, उनीहरू आफै स्पस्ट हुँदैनन्। अनि सरकार धर्मराउँछ। पहिलो त, कर्मचारीतन्त्र सञ्चालन गर्ने विषयमा अस्पष्ट छन् दलहरू। त्यसमाथि सरकार धर्मराएको अवस्थामा कर्मचारीतन्त्रले सबल नेतृत्व दिनै सक्दैन।

सिद्धान्तका कुरा गर्ने तर व्यवहारमा ख्याल नगर्ने दलहरूमा प्रवृत्ति रोगकै रूपमा देखिन्छ। कांग्रेस र कम्युनिस्टको सिद्धान्त मिल्दैन। कांग्रेस र राप्रपाको पनि मिल्दैन। अचेल सरकार बनाइरहेका दलहरू कुनैको कुनैसँग मिल्दैन। आपतकालीन अवस्था वा तत्काल मध्यावधि चुनावमा नजाऔँ भन्ने सवालमा मिल्न सक्ला वा राष्ट्रिय संकट पर्दा वा कुनै विशेष योजना सम्पन्न गर्न दलहरू एक ठाउँमा उभिन सक्छन्। तर यहाँ लिम्पियाधुरा क्षेत्रको नक्सा समेट्ने र संविधान निर्माणको अन्तिम समयमा बाहेक भत्काउन बिगार्न मात्र मिल्ने गरेका उदाहरण बढी छन्। सामान्य अवस्थामा पनि गठबन्धन गर्ने, मिलुञ्जेल मिल्ने तर भत्रेपछि जसलाई जे पायो त्यही भन्ने गरेको देखिन्छ। यो कुनै संस्कार र मर्यादा होइन।

प्रधानमन्त्री, मन्त्री भइसकेको मान्छेले त्यो तहमा एकअर्कालाई गाली गरेका शब्द सुन्न सकिने नै हुँदैनन्। बरु उनीहरूका शब्द भन्दा गाउँघरमा पँधेरामा हुने झगडामा वा सडकमा बेवारिस हिँडेका मानिसका झगडामा प्रयोग गर्न पनि अयोग्य र मर्यादाहीन शब्द हाम्रा पार्टीका नेताहरूले प्रयोग गर्छन्। हुन त हामीले युरोपको इतिहास हेर्दा पनि यस्तैयस्तै चरण पार गरेको पाउँछौं। हुँदा हुँदा अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले राजनीति गरेको पनि देखिएकै छ। यद्यपि राम्रोबाट सिक्ने हो, नराम्रोबाट होइन। हाम्रो राजनीतिका कुनै पनि तहमा रोलमोडल नेता कोही पनि भएनन्। भएका वा हुन सक्नेलाई हामीले दुत्कार्यौं। राष्ट्र एकीकरण र राष्ट्रिय एकताका आधार सबल होइन, कमजोर बनाउँदै गएका छौँ। प्रश्न उठ्छ, नेपाली राजनेताहरूको रोलमोडल को त ? सबै फन्साएर नेताहरू आफै रोलमोडल हुन खोज्ने अनि अलि अप्ठेरो पर्न थाल्यो भने त्यो रोलमोडलको हैसियत देखाएर टुक्रुचामा लट्पटिहाल्ने अवस्था छ।

दशकौंदेखि पार्टीका नेतृत्व पनि एउटै, प्रधानमन्त्री पनि उही। राजतन्त्रको विरोधमा आवाज दिने नेताहरू पुरातनी राजा महाराजाभैँ विरोधी निमोट्ने आलोचक चिमोट्ने र गद्दीमा टाँसिइरहे भन्ने गुनासो व्याप्त छ। यति मात्र होइन, उनीहरू वंश परम्परा स्थापना गर्ने र नातावाद र कृपावादको बाटोमा दौडिँदै छन्। यस्तो अवस्थामा कसले कसलाई सिकाउने ? नागरिक पनि पाँच वर्षसम्म तिनै दलका नेतालाई गाली गर्छौं अनि उनीहरूलाई नै भोट दिन्छौं, दिनैपर्ने पनि बाध्यता छ। किनभने हामीसँग बलियो, आशलाग्दो र भरपर्दो विकल्प नै छैन। योग्य विकल्पमा राम्रो दल, राम्रो नेता भइदियो भने स्वतः सुँदै जान्छ। बरु 'नो भोट' को विकल्प राखियो भने अलिकति सुधार हुन सक्छ कि भन्ने तहबाट पनि विश्लेषण भइरहेका छन्। यसले नसुँ नेहरूलाई एउटा चुनौती सिर्जना गर्छ।

तर दलहरूचाहिँ सु नै पर्छ। अहिलेको विश्वमा दलको विकल्प छैन। राजाको प्रत्यक्ष शासन वा सेना विकल्प होइन हुन सक्दैनन्। यसका लागि दलभित्रको प्रजातन्त्र बलियो हुनैपर्छ। नयाँ नेतृत्वलाई विकास गर्नैपर्छ। नेपालमा एउटै दलको बहुमत सरकार पनि बने। तर ती पूरा कार्यकाल टिक्न सकेनन्। त्यसमा समस्या आन्तरिक कारण नै प्रमुख थियो। २०४८ सालमा गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकार छत्तिसे र चौहत्तरेको आन्तरिक कलहले ढल्यो। त्यसपछि २०५६ मा पनि कांग्रेसको आफ्नै किचलोले सरकार टिकेन। किनभने ०५६ मा कृष्णप्रसाद भट्टराईको बोर्ड देखाएर जितेको कांग्रेसले अर्कै ठाउँमा गएर नेतृत्व लिनुपर्ने भयो, जतिवेला आन्तरिक कारण र नेताहरूको महत्वकांक्षाले काम गरेको थियो।

२०७४ पछि बनेको नेकपाको सरकार पूरा समय टिक्न नसक्नुमा नेताहरूको व्यक्तिगत महत्त्वाकाङ्क्षा र आन्तरिक विवाद नै हो। नेताहरूमा रहेको महत्वाकाक्षा, अशोभनीय हर्कत र दूरदर्शिताको कमीले विगतमा सरकारहरू बिचमै ढले। पदका लागि वर्ष दुई वर्षको कुरा छाडौं १० दिन वा दुई महिनासमेत पर्खन नसक्ने भए नेताहरू। त्यसबाहेक नाफाखोर जमात र बिचौलिया सरकारका वरिपरि धेरै हुन थाले। जुन सरकार आए पनि तिनै नाफाखोर तत्त्व वरिपरि घुमिरहेका हुन्छन्, जसले पनि सरकार कमजोर र अस्थिर बनाउन सघाइरहेको हुन्छ। दलका सीमित नेता र स्वार्थ समूहका कारण पछिल्ला वर्ष नेपालको राजनीतिमा गठबन्धन भनेर भागबण्डाको संस्कृति हाबी हुन पुग्यो।

सरकार अस्थिर हुनेबित्तिकै सबै कुरा अस्थिर हुन पुग्छ। कर्मचारी होस् वा परराष्ट्र सबैतिर विश्वास घट्छ, कसैले मान्दैनन् र टेर्दैनन्। यो कुराको चेत हाम्रा पार्टी र नेताहरूमा छैन कि भन्ने लाग्न थालेको छ।

## कार्यालय सहयोगीलाई...

१ हजार ५ सय ७४ मा काटिएको स्पष्टीकरण पत्रमा उल्लेख रहेको छ। तर, खेतमा काम गर्न नमान्दा पासवानलाई 'कारबाही' गरी डेढ वर्षदेखि हाजिर गर्न रोक लगाएका प्रअ यादवलाई भने उन्मुक्ति दिइएको छ।

२०५९ वैशाख ५ मा अस्थायी नियुक्ति पाएका पासवानले जनता आधारभूत विद्यालयमा कार्यालय सहयोगी पदमा कार्य गर्दै आएका छन्। पछिल्लो पटक सरुवा भएर आएका प्रअ यादवले हाजिर गर्न रोक लगाएपछि न्याय गुहार्दै पासवान गाउँपालिका पुगेका थिए। गाउँपालिकाले पनि दरबन्दी रहेको सोही विद्यालयमा हाजिर गराउनुपर्नेमा ०८० मंसिर २६ मा सलहेश दलित राष्ट्रिय आधारभूत विद्यालयमा पासवानको काज सरुवा नै गरिदियो। तर, त्यहाँ पहिलेदेखि नै कार्यालय सहयोगी रहेकाले पासवानलाई हाजिर गराएन।

गाउँपालिकाले पुनः ०८० पुस१३ मा पासवानलाई राष्ट्रिय आधारभूत विद्यालय बेल्हीमा काज सरुवा गरेको थियो। त्यहाँ हाजिर नगराएका प्रअ मण्डललाई स्पष्टीकरण सोधिएको छ। 'हामीले अढाई वर्षअघि नै कासमा रामचन्द्र मुखियालाई राखिसकेकाले त्यो बेला पासवानलाई हाजिर गराउन सकिनँ, नभए म हाजिर गराइहाल्थेँ,' प्रअ मण्डलले भने, 'यहाँ केबल जातीय विषयले नै प्राथमिकता पाउँछ, बदमासी गरेका प्रअ यादवलाई स्पष्टीकरण सोध्नुपर्नेमा मलाई सोधिएको छ।' गाउँपालिका अध्यक्ष यादवले स्पष्टीकरणको जवाफ आएपछि थप प्रक्रिया अघि बढाउने बताए। 'प्रअ यादवसँग पनि सोध्छौं, पहिले उहाँको जवाफ त आओस्,'उनले भने।

## जनमत पार्टीका...

उत्साहजनक उपस्थिति थियो। स्थानीयवासीहरूले नेता यादवको यस कदमको स्वागत गर्दै सार्वजनिक हितमा गरिएको योगदानलाई उच्च मूल्यांकन गरेका छन्। सामाजिक कार्यमा निरन्तर सक्रिय रहँदै आएका यादव जनतामाझ लोकप्रिय युवा बुद्धिजीवी नेताका रूपमा परिचित छन्। उक्त भवन निर्माण कार्य चाँडै सुरु गरिने र केही महिनाभित्र सम्पन्न गरिने योजना रहेको यादवको भनाइ छ।

## ब्राउन सुगरसहित ...

प्लास्टिकले बेरिएको अवस्थामा सो पदार्थ बरामद भएको महोत्तरीका प्रहरी प्रवक्ता डीएसपी शैलेन्द्रकुमार भट्टले बताए। पक्राउ परेका दुवै जनालाई आवश्यक कानुनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालयमा राखिएको डीएसपी भट्टले बताए।

## ६७ केजी...

नष्ट गरिएको नायब प्राविधिक सहायक राउतले बताउनुभयो।

दुई दिनअघि काठमाडौंको कालिमाटीमा लालबन्दीबाट लगिएको बोडीमा यसैगरी अत्यधिक विषादीको मात्रा भेटिएपछि नष्ट गरिएको थियो। विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशालाका नायब प्राविधिक सहायक राउतले लालबन्दी तरकारी बजारमा दैनिक १०-१५ जना किसानबाट नमूना लिएर तरकारीमा विषादीको मात्रा परीक्षण गर्ने गरिएको छ। किसानबाट किनिसकेको बोडीको नमूना लिएर अत्यधिक विषादी रहेको भन्दै नष्ट गरिँदा आफूहरू बर्बादीमा परेको व्यापारीले गुनासो गरेका छन्। उपभोक्ताले हेर्दा राम्रो देखिने तरकारी मात्र किन्ने गरेको र त्यस्तो तरकारी फलाउन धेरै विषादी प्रयोग गर्नुपरेको किसानले बताउँदै आएका छन्। लालबन्दी बजारमा अहिले सर्लाहीसहित आसपासका जिल्लाबाट किसानले ठूलो परिमाणमा मिटरबोडी ल्याएर बिक्री गरिरहेका छन्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# भन्सार गोदामबाटै लाखौंको विदेशी मदिरा 'गायब', कर्मचारीमाथि नै चोरीको आरोप !




**उपेन्द्र यादव**

बारा, १ जेठ। वीरगन्जस्थित श्रीर्सिया सुक्खा बन्दरगाह भन्सार कार्यालयको गोदामबाट लिलाम सकार गरिएको लाखौं मूल्य बराबरको विदेशी मदिरा 'गायब' भएको छ। लिलाम सकारकर्ताले सम्झौता बमोजिमको परिमाणभन्दा करिब १३ सय लिटर मदिरा कम पाएपछि भन्सार कर्मचारीकै मिलोमतोमा चोरी भएको हुन सक्ने आरोप लगाएका छन्। भन्सार कार्यालयले घटनाको पुष्टि गर्दै आन्तरिक छानबिन थालेको जनाएको छ।

पिके ट्रेडर्स नामक फर्मले भन्सार कार्यालयबाट अस्ट्रेलियामा उत्पादित 'रोयल मस्क' ब्रान्डको १० हजार सात सय पाँच लिटर विदेशी मदिरा एक करोड ४२ लाख रुपैयाँमा लिलाम सकार गरेको थियो। प्रति ७५० एमएल बोतलको उक्त मदिराको लिलाम मूल्य प्रति लिटर करिब १३ सय रुपैयाँ कायम भएको थियो। तर, सम्झौताअनुसार मदिरा बुझ्न जाँदा गोदाममा जम्मा ९ हजार चार सय लिटर मात्र मदिरा भेटिएको पिके ट्रेडर्सका प्रतिनिधि वासुदेव साहले जानकारी दिए।

यस हिसाबले १३ सय पाँच लिटर मदिरा 'गायब' भएको देखिन्छ। 'गायब' मदिराको बजार मूल्य करिब १७ लाख रुपैयाँभन्दा बढी हुन आउँछ। 'हामीले लिलाम सकार गरेको परिमाण अनुसार मदिरा बुझ्न जाँदा तोकिएभन्दा धेरै कम पायौं,' साहले भने, 'यो स्पष्ट रूपमा भन्सार गोदामभित्रबाटै भएको चोरी हो र यसमा कर्मचारीको संलग्नता बिना सम्भव छैन। हामीले यसबारे जानकारी माग्दा भन्सारका कर्मचारीले गैरजिम्मेवारपूर्ण जवाफ दिएका छन्।' यस विषयमा सुक्खा बन्दरगाह भन्सार कार्यालयका प्रमुख धनबहादुर बरुवालले लिलाम गरिएको मदिराको परिमाणमा कमी आएको स्वीकार गर्दै घटनाको आन्तरिक छानबिन प्रक्रिया अघि बढाइएको बताए।

'लिलाम गरिएको मदिरा राखिएको कोठा जिल्ला प्रशासन कार्यालय, वीरगन्ज उद्योग वाणिज्य संघलगायतका निकायका प्रतिनिधिको रोहबरमा सिलबन्दी गरेर ताला लगाउने प्रचलन छ,' भन्सार प्रमुख बरुवालले भने, 'सिलबन्दी गरिएको कोठाबाटै मदिराको बोतलहरू कम भेटिनु आफैँमा गम्भीर र अनुसन्धानको विषय हो। मदिराको परिमाण लिलाम अघि नै कम थियो वा पछि चोरी भएको हो, यो छानबिनबाट खुल्नेछ।' उनले गोदाममा पहिलेदेखि नै कम परिमाणमा मदिरा रहेको र लिलामी प्रक्रियामा प्राविधिक त्रुटिले बढी परिमाण उल्लेख हुन गएको हो कि भन्ने प्रारम्भिक आशंका रहेको पनि बताए।

भन्सार प्रमुख बरुवालले लिलाम सकार गर्ने पिके ट्रेडर्सले जति परिमाणमा मदिरा बुझ्छ, सोही अनुसारको मात्र रकम असुल गरिने पनि स्पष्ट पारेका छन्। यद्यपि, सरकारी गोदामबाटै ठूलो परिमाणमा सामान हराउनुले भन्सारको व्यवस्थापन र सुरक्षा प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ।

# बचतकर्ताको रकम फिर्ता गर्न सहकारीको आलटाल

**विजयकुमार साह**

ढल्केबर, १ जेठ। धनुषाको गणेशमान चारनाथ नगरपालिका–७, गोदारमा रहेको सामुदायिक महिला बचत तथा ऋण सहकारी संस्थाका पदाधिकारीले बचतकर्ताको रकम फिर्ता गर्न आलटाल गरेको आरोप लाइएको छ। सहकारीका पदाधिकारीले करिब तीन सय बचतकर्ताको दुई करोड रुपियाँभन्दा बढी रकम फिर्ता गर्न आलटाल गरिरहेको आरोप पीडितहरूले लगाएका हुन्। स्थानीय सचिनकुमार श्रेष्ठले सहकारीका पदाधिकारीले बचत रकम, सेयर रकम तथा ऋण चुक्ता गर्दा पनि धितो नफर्काएको बताए। उनले यस सहकारीमा आफूले तीन लाख रुपियाँ बचत गरेको बताउँदै पदाधिकारीले रकम फिर्ता गर्न आनाकानी गरिरहेको गुनासो सुनाए।

उनले भने, "तीन वर्षभन्दा बढी भयो बचत अवधि सकिएको। पैसा माग्दा भोलि, पर्सी भन्छन् तर दिँदैनन्।" सम्पर्कमा रहेका हामी सात–आठ जनाको मात्रै ३० लाख रुपियाँभन्दा बढी फिर्ता लिन बाँकी रहेको उनले जानकारी दिए। स्थानीय जीवछ महतोले ब्याजसहितको ऋण चुक्ता गरे पनि धितोमा राखिएको जमिन नफर्काइएको बताए। उनले भने, "१० वर्षअघि डेढ बिघा जमिन धितो राखेर तीन लाख रुपियाँ ऋण लिएको थिएँ। त्यसको ब्याजसमेत जोडेर आठ लाख रुपियाँ सहकारीलाई बुझाइसकेको छु। रकम बुझाएको पनि आठ वर्ष भयो। तर अहिलेसम्म धितो जमिन फिर्ता गरेको छैन।" उहाँका अनुसार यस्तो समस्या यहाँका धेरैले भोगिरहेको छ।

अर्का बचतकर्ता सञ्जिवकुमार श्रेष्ठले सहकारीका पदाधिकारीले बचतकर्ताको रकम व्यक्तिगत काममा प्रयोग गरेको बताए। बैमानी गर्ने नियत फिर्ता गर्न नचाहेको आरोप उनले बताए। उनका अनुसार बचत गर्दा ब्याजसहित फिर्ता दिने आश्वासन दिइएको थियो। धितोमा आधारित ऋण प्रवाह पनि गरेको थियो। तर, खाताको अवधि पुगे पनि न ब्याजसहितको रकम फिर्ता गरेको छ, न त ऋण तिरेपछि धितो नै फिर्ता गरिएको छ। पीडित सेवाग्राहीले आर्थिक अपचलनको भन्दै सहकारीका अध्यक्ष सीता कार्की, उपाध्यक्ष उर्मिला पासवान, कोषाध्यक्ष नमिता लामा, सचिव यशोदा घिमिरे, सदस्य प्रमिला न्यौपाने, ऋण समिति सदस्य च्यापिनीदेवी लामा, व्यवस्थापक पूर्णबहादुर समाललगायत पदाधिकारीविरुद्ध जिल्ला प्रहरी कार्यालय धनुषामा जाहेरी दर्ता गराएको श्रेष्ठले जानकारी दिए। प्रहरीले ऋण समितिका सदस्य च्यापिनीदेवी लामालाई पक्राउ गरेको छ भने अन्य फरार रहेको उनले बताए।

इलाका प्रहरी कार्यालय ढल्केबरका प्रहरी निरीक्षक जटाशंकर यादवले जिल्लामा दिएको जाहेरीको आधारमा सहकारीका ऋण समितिका सदस्य लामालाई नियन्त्रणमा लिएर अनुसन्धान अगाडि बढाइएको बताए। फरार पदाधिकारीलाई पक्राउ गर्न प्रहरीले खोजतलास गरिरहेको उनले जानकारी दिए।

# नव विवाहिता मृत्यु प्रकरण: माइती पक्षले लगायो हत्याको आरोप

रौतहट, १ जेठ। रौतहटको कटहरिया नगरपालिका– ३, बडेरवा टोल स्थायी ठेगाना भई हाल कटहरिया–५ बजार क्षेत्रमै बस्दै आएका अहमद राय भाटको छोरा अरमान राय भाटकी पत्नी सानिया प्रवीनको शंकास्पद मृत्युबारे माइतीपक्षले गम्भीर छानबिनको माग गरेको छ। २१ वर्षीय सानिया गत आइतबार दिउँसो आफ्नै घरको कोठामा साडीको पासो बनाएर सिलिङ फ्यानमा झुण्डिएको अवस्थामा फेला परेकी थिइन्। घटनाबारे जानकारी पाएलगत्तै ईलाका प्रहरी कार्यालय कटहरिया र ईलाका प्रहरी कार्यालय गरुडाको संयुक्त टोलीले घटनास्थलमा पुगेर मुचुल्का तयार गरी शवलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल गौरमा पठाएको थियो। पोष्टमार्टमपछि मृतकको शव माइती पक्षले बुझेर अन्तिम संस्कार गरिसकेको छ।

सानियाका सासु–ससुरा लगायतले उनको मृत्युलाई 'आत्महत्या' भनेका छन्। माइती पक्षले भने सानियाको हत्या भएर 'आत्महत्या'मा परिणत गर्न शव झुण्ड्याइएको भन्दै छानबिनको माग गरेका छन्। सानियाका माइती पक्षले दाइजोको कारण हत्या भएको दाबी गर्दै घटनाको छानबिन गरी दोषीलाई कडा कानुनी कारबाहीको माग गरेका छन्। उनीहरूले ईलाका प्रहरी कार्यालय गरुडामा आएर प्रहरीलाई घटनाको गम्भीर अनुसन्धान गर्न माग गरेका छन्। सानियाका श्रीमान अरमान राय भाट भने फरार भएका छन्।

मृतकका बुबा भारत बिहार मोतीहारी जिल्ला, सुगौली नगरपालिका–११ राय टोला निमोई गाउँका महमद मोलाजीम रौशनका अनुसार दाइजोको कारण सानियालाई दैनिकजसो अरमानसहित परिवारका सदस्यले कुटपिट गर्दै आएका थिए। ६ महिना अघि विवाह भएको बताउँदै उनले विवाहपछि परिवारका सदस्यले आफ्नी छोरीलाई एकपटक पनि माइत जान नदिएको दाबी गरे। घटनाको अघिल्लो दिन छोरी सानियासँग फोनमा कुराकानी भएको र सम्धी अहमद राय सानियालाई माइत पठाउन सहमत भएको र आफूलाई लिन बोलाएको पनि रौशनले बताए। सानियाको मृत्यु हुनुभन्दा दुई घण्टा अघि भिडियो कल गरेर आमासँग पनि कुरा गरेको बताइएको छ। त्यसको २ घण्टापछि उसले आत्महत्या गर्नुपर्ने कुनै कारण नरहेको भन्दै रौशनले घटना शंकास्पद रहेको जिकिर गरे।

आफूले विवाहमा दाइजोस्वरुप फर्निचर, फ्रिज, कुलर पंखा, विभिन्न गहना दिएको तर ज्वाईंले कहिले मोटरसाइकल, कहिले १ लाख भारु माग गरेको उनको भनाइ छ। केही दिन अघिमात्र घरमा एसी जडान गरिदिन माग गरेको पनि उनले बताए। रौशनले आफ्ना दुई छोरीलाई अहमदकै दुई छोरासँग विवाह गराएका थिए। ईलाका प्रहरी कार्यालय गरुडाका प्रमुख एवं डीएसपी राजन कार्कीका अनुसार रौशनकी जेठी छोरी (मृतककी दिदी) नगमा र उनका पति ( अहमदकै अर्को छोरा) लालबाबुसँग बयान लिइसकिएको छ। प्रहरीले घटनाको वास्तविकता पत्ता लगाउने उनको भनाइ छ।

# मधेशमा गम्भीर प्रकृतिका ४ हजार बढी बिरामी, आर्थिक सहायता बाँड्न बजेट अभाव

जनकपुर, १ जेठ। मधेश सरकारले गम्भीर प्रकृतिका बिरामीलाई वितरण गरिरहेको आर्थिक सहायता प्रभावित भएको छ। चार हजार जनाभन्दा बढी बिरामीका लागि ४० करोडभन्दा बढी रकम अभाव भएको हो। मधेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले क्यान्सर, मुटु, मृगौला, पार्किन्सन, एल्जाइमर, सिकलसेल एनिमिया, थालेसेमिया, मस्तिस्कघात, अर्थराइटिस, लगायत १३ वटा गम्भीर प्रकृतिका बिरामीलाई जनही एक लाख रुपैयाँ गत आर्थिकवर्ष २०८०/८१ देखि वितरण गरिरहेको छ। गत आर्थिक वर्षमा पनि बजेट अभाव हुँदा निवेदन नदिएका ५१७ बिरामीको भुक्तानी बाँकी थियो। चालु आर्थिक वर्षमा गत आवको बाँकीसहित हालसम्म ९ सय जनालाई वितरण गरिएको छ। तर बजेट नहुँदा सहायताका लागि निवेदन दिएका ४ हजार जनाभन्दा बढी बिरामीको भुक्तानी बाँकी रहेको मन्त्रालयका जनस्वास्थ्य प्रशासक सन्तोष ठाकुरले बताए। 'चालु आर्थिक वर्षमा न करोड रुपैयाँ मात्र विनियोजन गरिएको थियो। त्यो बजेट वितरण गरेर सकिसकेको छ। ४ हजार जनाभन्दा बढी बिरामीलाई अझै सहायता वितरण गर्नुपर्ने बाँकी छ,' उनले भने, 'निवेदन परेकाहरूलाई वितरण गर्न ५० करोडसम्म बजेट चाहिन्छ।' उनका अनुसार बाँकीलाई वितरण गर्न करिब २ महिनाअघि नै ३८ करोड रूपैयाँ स्वास्थ्य मन्त्रालयले अर्थ मन्त्रालयसँग माग गर्दै निवेदन पठाएको थियो। तर अहिलेसम्म बजेट आइनसकेकाले आर्थिक सहायता वितरण ठप्प भएको छ। आर्थिक सहायता पाउने प्रकृतिका मधेश प्रदेशमा दैनिक मुटुरोग, क्यान्सर लगायतका ५० जना गम्भीर प्रकृतिका बिरामी आठवटै जिल्लामा थपिने गरेको उनको भनाइ छ।

# गभर्नर सिफारिशका लागि नयाँ समिति गठन, विश्व पौडेलको ठाउँमा पोषराज पाण्डेलाई जिम्मेवारी

काठमाडौं, १ जेठ। सरकारले गभर्नर छनोटका लागि उपप्रधान एवम् अर्थमन्त्री विष्णुप्रसाद पौडेलको संयोजकत्वमा नयाँ सिफारिश समिति गठन गरेको छ। विहीबार बसेको मन्त्रिपरिषद्को बैठकले यसअघिको सिफारिश समिति खारेज गरेर पुनः नयाँ समिति गठन गर्ने निर्णय गरेको हो। अर्थमन्त्री पौडेलको संयोजकत्वमा गठित नयाँ समितिमा पूर्वगभर्नरमध्येबाट महाप्रसाद अधिकारी र विज्ञ सदस्यमा पोषराज पाण्डे रहेको छ। यसअघिको समितिका विज्ञ सदस्य विश्व पौडेलको राजीनामापछि सरकारले पाण्डेलाई समेटेको हो।

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनको व्यवस्थानुसार यसअघि गएको चैत ११ गते सरकारले गभर्नर सिफारिशि समिति गठन गरेको थियो। एक महिनासम्म पनि बैठक नबसेको, गभर्नर छनोटमा समितिको भूमिका नरहेको भन्दै शुरूको समितिका सदस्य पूर्वगभर्नर विजयनाथ भट्टराईले राजीनामा दिएको थियो। त्यसपछि सरकारले भट्टराईको ठाउँमा निवर्तमान गभर्नर महाप्रसाद अधिकारीलाई सदस्य नियुक्त गरेको थियो। गएको चैत २५ गतेदेखि राष्ट्र बैंकमा गभर्नर पद खाली छ।

# 'डिजिटल मधेश बनाउन अनेक समस्या'




बर्दीबास, १ जेठ। मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले सूचना प्रविधिको वर्तमान युगमा एकातिर दक्ष जनशक्ति अभाव र अर्कातिर सेवाप्रदायक निकायको स्तरहीन सञ्चार सेवाले डिजिटल मधेश बनाउने अभियानमा चुनौती थपेको बताएका छन्। यस्ता समस्याले सरकारी कामकाजलाई प्रविधिमैत्री बनाउन पनि कठिन बनाएको उनको भनाइ छ। मधेश प्रदेश गृह सञ्चार तथा कानुन मन्त्रालयले क्यान महासंघ र आइसिटी फाउन्डेसनसँगको सहकार्यमा बर्दीबासमा आयोजना गरेको 'डिजिटल मधेश कन्क्लेभ २०२५' लाई बुधबार सम्बोधन गर्दै यस्तो समस्या औँल्याएको हो। उनले युवा जनशक्तिलाई दक्ष बनाउनुको साटो विप्रेषण बढाउन मात्र सीमित पारिएकाले जनशक्ति खेर गइरहेको उदाहरण प्रस्तुत गरे। उनले आइटी क्षेत्रलाई सदुपयोग गरी एकै थलोबाट हजारौँ युवाका लागि रोजगारी सिर्जना गरेर मुलुकलाई समृद्धितर्फ डोर्‍याउन सकिने धारणा व्यक्त गरे।

एकातर्फ एकीकृत सफ्टवेयरको अभाव र अर्कातर्फ त्यसलाई सञ्चालन गर्ने दक्ष कर्मचारी नहुँदा 'पेपरलेस प्रशासन' को नारालाई साकार बनाउन पनि कठिन भएको बताए। चुनौती यतिमै सीमित छैन। उनका अनुसार यी सेवा प्रसारण गर्ने नेटवर्कको समस्या पनि उत्तिकै टड्कारो छ। एनटिसी, एनसेल, वर्ल्ड लिंक जस्ता अनेक मोबाइल र इन्टरनेट सेवाप्रदायक निकायका सेवा स्तरीय छैनन्। महसुल लिन्छन् तर मधेश प्रदेशको सबै ठाउँमा यिनका नेटवर्कले काम गर्दैन। यस्तो प्रवृत्ति सेवाको नाममा ठगी भएको मुख्यमन्त्रीको आरोप थियो। उनले प्रश्न गरे, "फोरजी र फाइभजी भनेर महसुल लिन्छन् तर यिनका नेटवर्कले टुजीको काम पनि किन गर्दैन ? आपत्विपत् पर्दा यिनका मोबाइलमा नेटवर्क आउँदैनन्। मासिक डाटा र मोबाइल प्याकेजको पैसा लिएर पनि सेवा पाए/नपाएको लेखाजोखा खोइ ? सेवाप्रदायकले स्तरीय सेवा नदिए 'डिजिटल मधेश' को परिकल्पना कसरी साकार हुन सक्छ ?"

कार्यक्रममा मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले सूचना प्रविधि (आइटी) क्षेत्र तिनै तहका सरकारको प्राथमिकतामा नपरेकाले यसबाट अपेक्षित लाभ लिन नसकिएको बताए। उनले मधेशलाई प्रविधिमैत्री प्रदेश बनाउन सूचना प्रविधि अनुसन्धान केन्द्र र सूचना प्रविधि प्रतिष्ठानको आवश्यकता औँल्याए। मन्त्री लेखीले भने, "यदि सूचना प्रविधिलाई उच्च प्राथमिकतामा राखेर स्रोतसाधनको समुचित व्यवस्थापन गर्न सकेनौँ, सूचना प्रविधि केन्द्र र प्रतिष्ठानको स्थापना गर्न सकेनौँ भने छलफल र कार्यक्रमले मात्र मधेशलाई सूचना प्रविधि प्रदेश बनाउन सकिँदैन।" यसअघि आइसिटी विज्ञ विवेक राणाले सूचना प्रविधिका सम्भावना, चुनौती र उपयोगबारे विस्तृत जानकारी गराउँदै डिजिटल राज्य शासकीय व्यवस्था प्रणालीको नयाँ आयाम भएको धारणा व्यक्त गरे। उनले भने, "डिजिटल सरकारको अवधारणा परिवर्तनशील हुने भएकाले डिजिटल शताब्दीले सरकारलाई केवल अवसर मात्र दिँदैन, नयाँ चुनौती पनि सिर्जना गर्छ।"

फोस्टरिङ डिजिटलाइजेसन एन्ड डेभलपमेन्ट' थिममा केन्द्रित एकदिने कन्क्लेभमा डिजिटल गभर्नेन्स, इनोभेसन इको सिस्टम, डेटा सुरक्षा, स्टार्टअप, डिजिटल शिक्षा तथा पूर्वाधारलगायत आधा दर्जनभन्दा बढी विषयमा छुट्टाछुट्टै प्यानलमा छलफल प्रस्तुतीकरण गरिएको थियो। सहआयोजक आइसिटी फाउन्डेसनका विनम्र ढकाल तथा विवेकमणि उपाध्यायका अनुसार मधेश प्रदेशमा पहिलो पटक आयोजना गरिएको 'डिजिटल मधेश कन्क्लेभ' मा स्थानीय पालिकाका जनप्रतिनिधि, मन्त्रालय प्रतिनिधि, आइसिटी सरोकारवाला निकायका प्रतिनिधिलगायत तीन सयभन्दा बढीको सहभागिता थियो। उनीहरूले भने, "डिजिटल तथा आइसिटीलाई प्राथमिकतामा राखेर आगामी आर्थिक वर्ष २०८२/८३ का लागि नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्न पनि यो कन्क्लेभले सहयोग पुर्‍याउने अपेक्षा राखेका छौँ।"

# मृत भेटिएका अरविन्दको हत्या भएको परिवारको दाबी

**जनार्जन खत्री**

सर्लाही, १ जेठ। उखु खेतमा मृत भेटिएका सर्लाहीको किसनपुरका अरविन्दकुमार पण्डित कुम्हारको हत्या भएको परिवारले दाबी गरेको छ। चन्द्रनगर गाउँपालिका–१, किसनपुरका २६ वर्षीय अरविन्द ईश्वरपुर नगरपालिका ८ स्थित उखु खेतमा मंगलबार मृत भेटिएको थियो। मंगलबार बिहान स्थानीयले उखु खेतभित्र बेवारिसे पुरुषको शव देखेपछि प्रहरीमा खबर गरेका थिए। प्रहरीले घटनास्थलको प्रकृति मुचुल्का गरी मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल लग्यो। बुधबार बिहान मृतकको दाइ अशोक पण्डित कुम्हार अस्पतालमा पुगेर शवको सनाखत गरेको हो। अरविन्द वैशाख २४ देखि बेपत्ता भएको थियो।

अरविन्दको ईश्वरपुर नगरपालिका–७, चिरान टोलकी एक महिलासँग प्रेमसम्बन्ध रहेको थियो। तीन सन्तानकी आमासँग भागेर अरविन्द एक महिनाअघि भारतको राजधानी नयाँ दिल्ली पुगेका थिए। अरविन्दका बुवा उपेन्द्र पण्डित कुम्हारसहितले नयाँ दिल्ली पुगेर अरविन्द र ती महिलालाई आ–आफ्नो घर ल्याएका थिए। त्यसबेला देखि नै महिलाका परिवारले आफ्नो छोरालाई विभिन्न धाकधम्की दिँदै आएका अरविन्दका बुवा उपेन्द्रको भनाइ छ। उनका अनुसार अरविन्द बेपत्ता भएको केही दिनअघि महिलाका परिवार तथा आफन्त आएर मोबाइल चोरीको आरोप लगाउँदै आफूहरूलाई गालीगलौच गरेको उपेन्द्रको भनाइ छ। वैशाख २४ गते अरविन्द बेपत्ता भएकै दिन ती महिलाका आफन्त आएर छोरालाई धम्क्याएर गएको बुवा उपेन्द्रले बताए।

अरविन्दको महिलाकै परिवार र आफन्तबाट हत्या भएको बुवा उपेन्द्रको आरोप रहेको छ। उपेन्द्रका अनुसार छोराको हत्या हुनुअघि महिलाका श्रीमानसहितले बारम्बार फोन गरेर ज्यान लिनेसम्मको धम्की दिएको थिए। उपेन्द्रले छोराको हत्यामा संलग्न व्यक्तिलाई पक्राउ गर्न प्रहरी उदासिन भएको आरोप लगाएको छ। "छोराको महिलाकै श्रीमानसहितले हत्या गरेका हुन्, तर प्रहरीले उनीहरूलाई पक्राउ गर्न चासो देखाएको छैन," उपेन्द्रले भने, "घटनाअघि बारम्बार फोन गरेर धम्क्याउने उनीहरू छोराको हत्यापछि मोबाइल अफ गरेर बसेका छन्।" अरविन्दका दाइ अशोक पण्डित कुम्हारले पनि भाइको महिलाकै परिवारबाट निर्मम ढंगले हत्या भएको दाबी गरेको छ। अस्पताल पुगेर भाइको शव हेर्दा टाउको तथा शरीरको गोप्य अंकमा चोट देखिएको अशोकले बताए।

"भाइको दुवै आँखा बाहिर निस्किएको र मुख सबै टेँडो बनाइएको थियो," अशोकले भने, "गुप्ताङ्गभरी चोट थियो।" मृतक अरविन्दको परिवारले हत्याको दाबीसहित शंकास्पद व्यक्तिको नाम इलाका प्रहरी कार्यालय केशरगन्जलाई उपलब्ध गराएको बताएको छ। अरविन्दको काजकिरिया गरेपछि प्रहरीमा जाहेरी दिने परिवारको तयारी छ। प्रहरीले यो घटनामा शंकास्पद व्यक्तिमाथि निगरानी बढाएर घटनाको अनुसन्धान भइरहेको जनाएको छ। जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी उपरीक्षक (एसपी) योगेन्द्रकुमार खड्काले मृतकका परिवारले नाम किटान गरेर दिएका व्यक्तिहरूमाथि प्रहरीले अनुसन्धान गरिरहेको जानकारी दिए। यो घटनालाई प्रहरीले गम्भिररूपमा लिएर अनुसन्धान गरिरहेको एसपी खड्काको दाबी छ। प्रहरीले पोस्टमार्टम रिपोर्ट आएपछि मात्रै अरविन्दको हत्या भएको वा मृत्युको अन्य कारण खुल्ने प्रहरीले बताएको छ। मंगलबार बिहान शव भेटिए पनि शवको प्रकृति हेर्दा तीन/चार दिनअघि नै युवकको मृत्यु भएको जस्तो देखिएको प्रहरीले जनाएको छ।

# मधेशकेन्द्रित दलले भने : जनसंख्याका अनुपातमा बजेट वितरण गर

काठमाडौं, १ जेठ। संघीय लोकतान्त्रिक मोर्चाले बजेट वितरणको आधार जनसंख्या र मानव विकास सूचकांकलाई बनाइनुपर्ने माग गरेको छ। मोर्चाको बिहीबार बसेको बैठकले आगामी बजेटको प्राथमिकता तराई मधेश तथा पिछडिएको क्षेत्रमा हुनुपर्ने भनेको छ। मोर्चाले आगामी बजेट जनसंख्या र मानव विकास सूचकांकको आधारमा मधेश/तराई तथा पिछडिएको क्षेत्रमा विनियोजन गर्नुपर्ने माग सरकारसँग राखे निर्णय गरेको हो। लोकतान्त्रिक समाजवादी पार्टी कार्यालयमा बसेको बैठकले बजेटका सन्दर्भमा सरकारको ध्यानाकर्षण गराइने निर्णय भएको जनता प्रगतिशील पार्टीका वरिष्ठ उपाध्यक्ष शिवजी रायले बताए।

'जनसंख्याको अनुपातमा मधेशलाई बजेट दिइएन, जुन क्षेत्र पछाडि परेको छ, त्यसलाई अगाडि ल्याउन बजेटले उद्देश्य बोक्नु पर्ने हो,' उनले भने 'मानव विकास सूचकांकमा पछाडि परेका क्षेत्रमा बजेट बढाइयोस् भन्ने हाम्रो माग हो।' मधेशकेन्द्रित ७ राजनीतिक दलहरूले गत चैत्र २१ गते मोर्चा गठन गरेका थिए। लोसपाका कार्यालयमा मोर्चाको दोस्रो बैठक बसेको हो। बैठकपछि लोसपाका अध्यक्ष महन्थ ठाकुरद्वारा जारी वक्तव्यमा मधेश जनविद्रोह, आन्दोलन, किरात लिम्बूवान आन्दोलनलगायत विभिन्न आन्दोलनका क्रममा झुठा मुद्दा लगाई जेलमा राखिएकाहरूको तत्काल बिनासर्त रिहाइको माग गरिएको छ।

त्यस्तै, सरकारले सदनमा पेस गरेको भूमि विधेयक सम्बन्धमा समेत मोर्चाका दलहरूले एउटै धारणा तयार पार्ने निर्णय भएको रायले बताए। संविधान संशोधनबारे मोर्चाले आफ्नो अवधारणा पत्र तयार गर्ने र त्यसको जिम्मेवारी सचिवालयलाई प्रदर्शन गरेको छ। बैठकले मोर्चाको मूल समिति र सचिवालयलाई पूर्णता प्रदान गरेको छ। मोर्चामा आबद्ध दलका अध्यक्ष र त्यस दलबाट अन्य दुई जना प्रतिनिधित्व गर्ने गरी प्रत्येक दलबाट ३/३ जना रहने मूल समिति बनाइएको छ। मोर्चाको मूल समिति २१ सदस्यीय र प्रत्येक दलबाट १/१ जना प्रतिनिधित्व रहने गरी ७ सदस्यीय सचिवालय गठन गरिएको जनता प्रगतिशील पार्टीका वरिष्ठ उपाध्यक्ष रायले बताए।

बैठकमा लोसपा अध्यक्ष ठाकुर, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष सीके राउत, जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयश त्रिपाठी, तमलोपा अध्यक्ष वृषेशचन्द्र लाल उपस्थिति थिए। त्यस्तै, राष्ट्रिय मुक्ति पार्टी नेपालका उपाध्यक्ष रामनरेश राय र उन्मुक्ति पार्टीका सांसद लालबीर चौधरीलगायतका नेताहरू मोर्चा बैठकमा उपस्थित थिए।

# पेट्रोलियम पदार्थको मूल्य घट्यो

काठमाडौं, १ जेठ। पेट्रोलियम पदार्थको मूल्य घटेको छ। नेपाल आयल निगमले पेट्रोलमा प्रतिलिटर १ रुपैयाँ, डिजेल र मट्टितेलमा प्रतिलिटर ३/३ रुपैयाँ घटाएको हो। इण्डियन आयल कर्पोरेशनले पठाएको नयाँ मूल्यसूचीअनुसार पेट्रोल र डिजेलको मूल्य घटेकाले निगमले मूल्य घटाएको हो। नयाँ मूल्यअनुसार पेट्रोल १ सय ५७ रुपैयाँ, डिजेल र मट्टितेल १ सय ४२ रुपैयाँ पर्नेछ। नयाँ मूल्य बिहीबार राति १२ बजेपछि लागू हुने निगमले जनाएको छ।

**पशु बीमा गरौं, ढुक्क होऔं ।**

पशुपालन देशको अर्थतन्त्रको मुख्य आधार हो। तर, प्राकृतिक विपत्ती, रोगव्याधी वा दुर्घटनाको कारण पशुको मृत्यु भएमा किसानहरुको आर्थिक हानी हुने गरेको छ। यसलाई ध्यानमा राखी नेपाल सरकारले पशुपालकहरुको सुविधाका लागि पशु बीमा योजना लागु गरेको छ। घरपालुवा गाई, भैंसी, बाख्रा, भेंडा, सुँगुर, कुखुरा, माछा इत्यादीको बीमा गराई ढुक्क हुनुहोस्। रोग, महामारी वा कुनै भवितव्य दुर्घटनाबाट पशुवस्तुको मृत्यु भएमा बीमा गरेवापत सुविधा प्राप्त गर्न सकिन्छ। ढुक्क भएर व्यवसायिक रूपमा पशुपालन गर्नका लागि बीमा अत्यन्तै लाभदायक हुने भएकोले आजै बीमा गराउनुहोस्। पशु बीमा सम्बन्धी थप जानकारीका लागि नजिकैको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क गर्नुहोस्।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रबन्धक** : नविन यादव, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा.-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)